# पाँचखपन नगरपालिका

## ६ नं. वडा कार्यालय

**वाना, संखुवासभा**

**पत्र स.** ०७४/७५ **१ नं. प्रदेश**

**चलानी नं.**

**मिति :** २०७४/१०/२८

**विषय :** सुचना !

यस पाँचखपन नगरपालिका वडा नं. ६ को आ.व. ०७४/७५ को प्रथम वडा सभावाट विनियोजित वजेटवाट यस नगरपालिका स्थित वाना प्राथमिक स्वास्थ्य केन्द्रमा जाँच गर्न आउने ८० वर्ष देखि माथिका वृद्ध वृद्धा विरामीहरुको विरामी परिक्षणको लागि आवश्यक जाँचपड्ताल (Investigation) गर्दा लाग्ने तपसिल का जाँचमा निशुल्क जाँच गरिने सर्वसाधारण को लागि आजैको मितिदेखि लागू हुनेगरी यो सुचना सम्प्रेषण गरिएको छ ।

तपसिल

१. पाँचखपन न.पा. वडा नं. ६ मा स्थायी बसोवास भएको हुनुपर्ने छ ।
२. ८० वर्ष देखि माथीको हुनुपर्ने छ ।
३. नागरिकता वा उमेर खुल्ने आधिकारीक प्रमाणपत्रको प्रतिलिपि स्वास्थ्य संस्थामा पेश गर्नुपर्ने छ ।

प्राप्त गर्न सकिने सेवाहरु :

१. भिडियो एक्स्-रे सेवा
२. ल्याव परीक्षण सेवा
३. एक्स्-रे सेवा

साथै उक्त सेवामा समितिले तोकेको शुल्क निशुल्क हुनेछ ।

नरेश कुमार श्रेष्ठ
६ नं. वडाध्यक्ष

# पाँचखपन नगरपालिका

## ६ नं. वडा कार्यालय

**वाना, संखुवासभा**

**पत्र स. ०७४/७५** **१ नं. प्रदेश**

**चलानी नं.** **मिति : २०७४/१०/२८**

**विषय :** सुचना !

यस पाँचखपन नगरपालिका वडा नं. ६ को आ.व. ०७४/७५ को प्रथम नगरसभावाट विनियोजित रकमवाट यस आ.व.को २०७४ मंसिर २० गते देखि स्वास्थ्य संस्थामा गई सुरक्षित सुत्केरी गराई सेवा लिने सुत्केरी आमाहरुलाई प्रोत्साहन स्वरुप रु. १०००।- नगद भुक्तानी दिने र बच्चालाई पोषण वापत रु. ५००।- बरावरको पोषण सामग्री उपलव्ध गराउने निर्णय भए बमोजिम मंसिर २० गते पछि वाना प्राथमिक स्वास्थ्य केन्द्रमा सुत्केरी हुने आमाहरुले नगरपालिकाको वडा नं. ६ को कार्यालयमा सम्पर्क राख्न हुन जानकारीको लागि यो सुचना टाँस गरिएको छ ।

शर्तहरु

१.स्वास्थ्य केन्द्रमा सुत्केरी भएको प्रमाणित कागजात

२. Birth Certificate को प्रतिलिपि

३. नागरिकताको प्रतिलिपि वा बसाँई सराईको प्रमाणपत्र वा मतदाता परिचयपत्र

४ वडा नं. ६ को स्थायी वासिन्दा भएको प्रमाणिक कागजात

नरेश कुमार श्रेष्ठ

६ नं. वडाध्यक्ष